पर्सा जिल्ला अदालतबाट

अनुसूची-२२

(नियम ६७ को उपनियम (३) सँग सम्वन्धित)

<u>कसुर ठहर भएको भएको निर्णयको छोटकरी विवरणको ढाँचा</u>

श्री पर्सा जिल्ला अदालत

ईजलास

माननीय न्यायाधीश श्री प्रमेश पोखरेल

कसूर ठहर भएको निर्णयको छोटकरी विवरण

| वादी | प्रतिवादी |
|---|---|
| नेपाल सरकार | प्रेमप्रसाद राउत भन्ने प्रेमप्रसाद यादवसमेत |

मुद्दाः-ज्यानमार्ने उधोग,डाँका चोरी,अपराधिक उपद्र

मुद्दा नम्वरः-०७९-८१-०२१३ (नि.नं २२४)

यसमा प्रतिवादीहरु कारी राय यादव,प्रेम राय यादव,उमेश गिरी, नरेश यादव,प्रमोद जयसवाल,उपेन्द्र राय यादव,दिपेन्द्र राय यादव, संदेश कुमार यादव,रामवावु प्रसाद यादव,अनिल राउत कुर्मी,नैन कुमार साह,धुपलाल यादव ,राज गिरी,वुलेट कुमार यादव उपर वादी नेपाल सरकारको तर्फवाट ज्यान मार्ने उधोग,डाँका चोरी अपराधिक उपद्रतर्फ कानुन वमोजिम सजाय हुन मागदावी रहेको देखिन्छ।भने उक्त वारदात समयमा मोटरसाईकल र गाडी तोडफोड गर्ने कार्यमा प्रतिवादीहरु मध्ये कारी यादव ,दिपेन्द्र यादव ,उमेन्द्र यादव,रामवावु यादव,संदेश यादव र अनिल राउत कुर्मी लाई मुलुकी अपराध संहिता २०७४ को दफा २८५(१) बमोजिम कसूर मा सोही संहिताको दफा २५८(३)(ग) वमोजिम साजाय हुने ठहर्छ।अन्य वाकी प्रतिवादीहरु प्रेम राय यादव,उमेश गिरी,नरेश यादव,प्रमोद जयसवाल,नैन कुमार साह,धुपलाल यादव,राज गिरी, वुलेट कुमार यादव ले गाडी र मोटरसाईकल तोडफोड गरेको भन्ने तथ्य ठोस प्रमाणवाट पुष्टी हुन सकेको नदेखिंदा निजहरुले मोटर साईकल र गाडी तोडफोड गरी अपराधिक उपद्रव गरेको स्थापित नभएको हुँदा मो दावी तर्फ सफाई पाउने ठहर्छ।अव वादी नेपाल सरकारले क्षेतिपुर्ती को दावी लिएको तर्फ

यस्तो अपराध गरेको भनि स्पष्ट खुलाउन सकेको देखिदैन। यी प्रतिवादीले बयान गर्दा जाहेरी व्यहोरा झुठा हो। के कसरी गाडीमा आगो लागेको, तोडफोड भएको ल्याप्टप नगद डकैती भएको हो सो सम्बन्धमा थाहाँ छैन। मैले कुनै कसूर गरेको छैन। राजनितिक रिसइवी र प्रतिशोध लिन झुठा मुद्दाको जाहेरी दिएको हो, भनी अभियोग दावीको कसूरमा इन्कार रही बयान गरेको देखियो। यसरी मिसिल संलग्न तत्काल प्राप्त प्रमाणहरुको आधारवाट यी प्रतिवादीले अभियोग दावीको कसूर गरेको भनि बिश्वास गर्न सक्ने मनासिव आधार कारण नदेखिएको अवस्थामा, मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ६८ को बिद्यमानता रहेको भनी यी प्रतिवादीबाट धरौट माग्ने गरी तहाँ अदालतवाट मिति २०७९/०९/०६ मा भएको आदेश मिलेको नदेखिदा बदर गरिदिएको छ। पछी प्रमाण बुझ्दै जाँदा ठहरे बमोजिम हुने गरी हाललाई यी प्रतिवादी प्रमोद कुमार जयसवाललाई मुलुकी कार्यविधि संहिता, २०७४ को दफा ६९ बमोजिम साधारण तारिखमा राखी मुद्दाको पुरपक्ष गर्नुहोला।

न्यायाधीश

न्यायाधीश

इति संवत् २०८० साल बैशाख महिना १४ गते रोज ५ शुभम्...............................

श्री

उच्च अदालत जनकपुर

अस्थायी इजलास वीरगंज

संयुक्त इजलास

माननीय न्यायाधीश श्री गणेश प्रसाद वराल

माननीय न्यायाधीश श्री राजेश कुमार काफ्ले

आदेश

मुद्दा नं.- ०७९-RE-०५८०

इजलास नं. ५

मुद्दा : ज्यान मार्ने उद्योग, डाँका चोरी र अपराधिक उपद्रव।

प्रमोद कुमार जयसवाल..........................................................................................निवेदक

विरूद्ध

नेपाल सरकार..........................................................................................................विपक्षी

कैफियत प्रतिवेदन सहितको निवेंदन वेहोरा र सक्कल मिसिल समेत अध्ययन गरी निवेदकको तर्फवाट विद्वान अधिवक्ता द्वय श्री शिव वहादुर कोईराला, श्री मिन वहादुर श्रेष्ठ र विपक्षी वादी नेपाल सरकारको तर्फवाट उपस्थित विद्वान सहायक न्यायाधिवक्ता श्री रविशंकर चौधरीले गर्नु भएको वहस समेत सुनियो।

श्री पर्सा जिल्ला अदालत।

यसमा यी प्रतिवादी प्रमोद कुमार जयसवाल समेत उपरे जाहेरवालाको जाहेरी परेको भएपनि यी प्रतिवादीले के कसरी, के कस्तो अपराध जन्य कार्य गरेको हो भन्ने उल्लेख गर्न सकेको देखिदैन। घाईते भनिएका ऋषि सहनि, नागेन्द्र राय र चन्दन सहनीले मौकामा कागज गर्दा, कारी यादव, दिपेन्द्र यादव, उपेन्द्र यादव, रामबाबु यादव, संदेश यादव, अनिल पटेल र नाम थाहाँ नभएका अन्दाजी ४/५ जनाले ढुङ्गा मुडा गरेको भनी उल्लेख गरेको देखिन्छ तर यी प्रतिवादीको नाम उल्लेख गर्न सकेको देखिदैन। घटनाविवरण कागज गर्ने व्यक्तिहरु समेतले यी प्रतिवादीले यो यस्तो कार्य गरेको भनी खुल्लाउन सकेको देखिदैन। पीडित भएका व्यक्तिहरुको घाँउ जाँच केश फारम मिसिल संलग्न रहेको देखिदैन। जेलेको भनेको गाडी धनीलाई बुझिएको देखिदैन। डाँका गरिएको भनिएको ल्याप्टप तथा नगद बरामद भएको भन्ने देखिदैन। अभियोग पत्रमा समेत यी प्रतिवादीले यो यस्तो कार्य गरि यो

रु ३०,००० जरिवाना र ६ महिना कैद सजाय हुने ठहर्छ । साथै वारदातको समयमा बरामद भएको रु १,४४००० /- र भा रु १२००/- निजको भएको भन्ने कुराहरुमा खुल्न आएको र बरामदी नगद कसुरमा संलग्न रहेको भन्ने पुष्टी हुने आधार नदेखिएकोले जफत नहुने ठहर्छ ।

घ प्रतिवादी पमोद कुमार जयसवालको हकमा

निजले मौकामा अनुसन्धान अधिकारी समक्ष गरेको बयानमा र यस इंजलासमा समेत उक्त कसुरमा संलग्न नभएको भन्ने इन्कारी बयान दिएको, मिसिल संलग्न कागज प्रमाणबाट पनि निज वारदातको समयमा घट्नास्थलमा नरहेको देखिएको, उक्त फामहाउसको जग्गाधनी पनि निज नभएको देखिएको हुँदा निज प्रतिवादीको हकमा मिसिल संलग्न प्रमाणबाट निजको उक्त कसुर घटाउनमा प्रत्यक्ष वा अप्रत्यक्ष संलग्नता, सहमति, स्वीकृति, मन्जुरी लगायत कुनै संलग्नता पुष्टी हुने प्रमाण पुग्ने नदेखिएकोले प्रतिवादी प्रमोद जयसवालले आरोपित कसुरबाट सफाइ पाउने ठहर्छ ।

ङ प्रतिवादी प्रदिप कुमार जयसवालको हकमा

निजले मौकामा अनुसन्धान अधिकारी समक्ष गरेको बयानमा र यस इंजलासमा समेत उक्त कसुरमा संलग्न नभएको भन्ने इन्कारी बयान दिएको, मिसिल संलग्न कागज प्रमाणबाट पनि निज वारदातको समयमा घट्नास्थलमा नरहेको देखिएको र वारदातको दिन प्रयोग गरिएको प्र २ ०३ ००१ च ३०९७ नम्बरको बोलेरो गाडी प्रतिवादी प्रदिप जयसवालको नाममा दर्ता कायम रहेको जयसवाल इन्टरप्राइजेजको हो भन्ने प्रमाणबाट खुल्न आएको विषयमा विवाद देखिएन । यसमा उक्त सवारी साधन निज प्रतिवादिले सुलन मिया अन्सारीलाई सम्झौता अनुसार प्रयोग गर्न दिएको भएपनि सवारीदर्ता किताब हेर्दा सवारी साधन जयसवाल इन्टरप्राइजेजका मालिक निज प्रतिवादी प्रदिप जैसवाल कै स्वामित्वमा रहेको पुष्टि हुने देखियो ।

तर उक्त कसुर गराउनमा निज सवारी धनि प्रतिवादी प्रदिप जैसवालको भूमिका, कसुरमा संलग्नताको स्तर, कसुर घटाउन मनसाय तत्वको प्रस्फुटित अवस्था र कसुरजन्य कार्य गरेको पुष्टि हुनु आदि जस्ता तत्वहरूको समष्टिले मात्र प्रतिवादी कसुरदार हो होइन भनी पुष्टि गर्ने गर्दछ, भन्ने तथ्यलाई दृष्टिगत गरी निज प्रतिवादीको हकमा हेर्दा निजले कसुरमा इन्कार रही बयान कागज गरेको, निज घटनास्थलमा पक्राउ परेका समेत छैनन् भने अन्य कुनै वस्तुनिष्ट प्रमाणबाट निजको कसुरमा संलग्नता पुष्टि हुन सकेको देखिदैन । तसर्थ निज प्रतिवादी सवारी धनी स्वयको संलग्नतामा वा निजको सहमति, स्वीकृति, मन्जुरी वा जानकारीमा उक्त सवारी साधन प्रयोग भएको भन्ने पुष्टि हुने प्रमाण नपुग्ने देखिएको हुँदा निज प्रतिवादी प्रदिप जयसवालले आरोपित कसुरबाट सफाइ पाउने ठहर्छ । उपरोक्तानुसार सवारी साधन धनी स्वयको संलग्नतामा वा निजको सहमति, स्वीकृति, मन्जुरी वा जानकारीमा सवारी साधनको प्रयोग भएको भन्ने प्रमाण नपुग्ने देखिएकोले सवारीधनी प्रतिवादी प्रदिप जयसवालले सफाइ पाउने ठहरिएकोले उक्त प्र २ ०३ ००१च ३०९७ नम्बरको बोलेरो गाडी सवारी साधन जफत नहुने ठहर्छ ।

ज प्रतिवादी संजिव साहीको हकमा

निजले मौकामा अनुसन्धान अधिकारी समक्ष गरेको बयानमा र यस इंजलासमा समेत उक्त कसुरमा संलग्न नभएको भन्ने इन्कारी बयान दिएको, मिसिल संलग्न कागज प्रमाणबाट पनि निज वारदातको समयमा घट्नास्थलमा नरहेको देखिएको तर वारदातको दिन बरामद भएको बा ५ ख ७८०५ नम्बरको Silver रङ्गको Land Cruiser सवारी साधन प्रतिवादी संजिव साहीको नाममा दर्ता कायम रहेको भन्ने प्रमाणबाट खुल्न आएको विषयमा विवाद देखिएन । यसमा उक्त सवारी साधन निज प्रतिवादिले म्लाइडोड तामाङलाई सम्झौता अनुसार प्रयोग गर्न दिएको भएपनि सवारीदर्ता किताब हेर्दा सवारी साधन निज प्रतिवादी संजिव साही कै स्वामित्वमा रहेको पुष्टि हुने देखियो । तर "उक्त कसुर गराउनमा निज सवारी धनि प्रतिवादी संजिव साहीको भूमिका, कसुरमा संलग्नताको स्तर, कसुर घटाउन मनसाय तत्वको प्रस्फुटित अवस्था र कसुरजन्य कार्य गरेको पुष्टि हुनु आदि जस्ता तत्वहरूको समष्टिले मात्र प्रतिवादी कसुरदार हो होइन भनी पुष्टि गर्ने गर्दछ," भन्ने तथ्यलाई दृष्टिगत गरी निज प्रतिवादीको हकमा हेर्दा निजले कसुरमा इन्कार रही बयान कागज गरेको, निज घटनास्थलमा पक्राउ परेका समेत छैनन् भने अन्य कुनै वस्तुनिष्ठ प्रमाणबाट निजको कसुरमा संलग्नता पुष्टि हुन सकेको



वरिष्ठ संरक्षण अधिकृत

२ ३०,००० जरिवाना र ६ महिना कैद सजाय हुने ठहर्छ । साथै बारदातमा बरामद भएको रु. १,४४००० - र भा.रु. १२००/- निजको भएको भन्ने दर्ताको मुल्य अपराध र बरामदी मुद्दा कसुरमा संलग्न रहेको भन्ने पुष्टी हुने आधार नदेखिएकोले जफत नहुने ठहर्छ ।

घ प्रतिवादी प्रमोद कुमार जयसवालको हकमा

निजले मौकामा अनुसन्धान अधिकारी समक्ष गरेको बयानमा र यस इजलासमा समेत उक्त कसुरमा संलग्न नभएको भनी इन्कारी बयान दिएको, मिसिल संलग्न कागज प्रमाणबाट पनि निज वारदातको समयमा घटनास्थलमा नरहेको देखिएको, उक्त फार्महाउसको जग्गाधनी पनि निज नभएको देखिएको हुँदा निज प्रतिवादीको हकमा मिसिल संलग्न प्रमाणबाट निजको उक्त कसुर घटाउनमा प्रत्यक्ष वा अप्रत्यक्ष संलग्नता, सहमति, स्वीकृति, मन्जुरी समावेश कुनै संलग्नता पुष्टि हुने प्रमाण पुग्ने नदेखिएकोले प्रतिवादी प्रमोद जयसवालले आरोपित कसुरबाट सफाई पाउने ठहर्छ ।

ङ प्रतिवादी प्रदिप कुमार जयसवालको हकमा

निजले मौकामा अनुसन्धान अधिकारी समक्ष गरेको बयानमा र यस इजलासमा,समेत उक्त कसुरमा संलग्न नभएको भनी इन्कारी बयान दिएको, मिसिल संलग्न कागज प्रमाणबाट पनि निज वारदातको समयमा घटनास्थलमा नरहेको देखिएको र बारदातको दिन प्रयोग गरिएको प्र २ ०३ ००१ च ३०९७ नम्बरको बोलेरो गाडी प्रतिवादी प्रदिप जयसवालको नाममा दर्ता कायम रहेको जयसवाल इन्टरप्राइजेजको हो भन्ने प्रमाणबाट खुल्न आएको विषयमा विवाद देखिएन । यसमा उक्त सवारी साधन निज प्रतिवादिले सुलन मिया अन्सारीलाई सम्झौता अनुसार प्रयोग गर्न दिएको भएपनि सवारीदर्ता किताब हेर्दा सवारी साधन जयसवाल इन्टरप्राइजेजका मालिक निज प्रतिवादी प्रदिप जैसवाल कै स्वामित्वमा रहेको पुष्टि हुने देखियो ।

तर उक्त कसुर गराउनमा निज सवारी धनि प्रतिवादी प्रदिप जैसवालको भूमिका, कसुरमा संलग्नताको स्तर, कसुर घटाउन मनसाय तत्वको प्रस्फुटित अवस्था र कसुरजन्य कार्य गरेको पुष्टि हुनु आदि जस्ता तत्वहरूको समष्टिले मात्र प्रतिवादी कसुरदार हो होइन भनी पुष्टि गर्ने गर्दछ, भन्ने तथ्यलाई दृष्टिगत गरी निज प्रतिवादीको हकमा हेर्दा निजले कसुरमा इन्कार रही बयान कागज गरेको, निज घटनास्थलमा पक्राउ परेका समेत छैनन् भने अन्य कुनै वस्तुनिष्ठ प्रमाणबाट निजको कसुरमा संलग्नता पुष्टि हुन सकेको देखिँदैन । तसर्थ निज प्रतिवादी सवारी धनी स्वयको संलग्नतामा वा निजको सहमति, स्वीकृति, मन्जुरी वा जानकारीमा उक्त सवारी साधन प्रयोग भएको भन्ने पुष्टि हुने प्रमाण नपुग्ने देखिएको हुँदा निज प्रतिवादी प्रदिप जयसवालले आरोपित कसुरबाट सफाइ पाउने ठहर्छ । उपरोक्तानुसार सवारी साधन धनी स्वयको संलग्नतामा वा निजको सहमति, स्वीकृति, मन्जुरी वा जानकारीमा सवारी साधनको प्रयोग भएको भन्ने प्रमाण नपुग्ने देखिएकोले सवारीधनी प्रतिवादी प्रदिप जयसवालले सफाइ पाउने ठहरिएकोले उक्त प्र २ ०३ ००१च ३०९७ नम्बरको बोलेरो गाडी सवारी साधन जफत नहुने ठहर्छ ।

ञ प्रतिवादी संजिव साहीको हकमा

निजले मौकामा अनुसन्धान अधिकारी समक्ष गरेको बयानमा र यस इजलासमा समेत उक्त कसुरमा संलग्न नभएको भन्ने इन्कारी बयान दिएको, मिसिल संलग्न कागज प्रमाणबाट पनि निज वारदातको समयमा घट्नास्थलमा नरहेको देखिएको तर वारदातको दिन बरामद भएको बा ५ ख ७८०५ नम्बरको Silver रङ्को Land Cruiser सवारी साधन प्रतिवादी संजिव साहीको नाममा दर्ता कायम रहेको भन्ने प्रमाणबाट खुल्न आएको विषयमा विवाद देखिएन । यसमा उक्त सवारी साधन निज प्रतिवादिले स्लाइडोड तामाङलाई सम्झौता अनुसार प्रयोग गर्न दिएको भएपनि सवारीदर्ता किताब हेर्दा सवारी साधन निज प्रतिवादी संजिव साही कै स्वामित्वमा रहेको पुष्टि हुने देखियो । तर "उक्त कसुर गराउनमा निज सवारी धनि प्रतिवादी संजिव साहीको भूमिका, कसुरमा संलग्नताको स्तर, कसुर घटाउन मनसाय तत्वको प्रस्फुटित अवस्था र कसुरजन्य कार्य गरेको पुष्टि हुनु आदि जस्ता तत्वहरूको समष्टिले मात्र प्रतिवादी कसुरदार हो होइन भनी पुष्टि गर्ने गर्दछ," भन्ने तथ्यलाई दृष्टिगत गरी निज प्रतिवादीको हकमा हेर्दा निजले कसुरमा इन्कार रही बयान कागज गरेको, निज घटनास्थलमा पक्राउ परेका समेत छैनन् भने अन्य कुनै वस्तुनिष्ठ प्रमाणबाट निजको कसुरमा संलग्नता पुष्टि हुन सकेको